# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

### सूचना -१

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (२) बमोजिम १९ वर्ष मुनिका बालबालिकामा हुने क्यान्सर रोग उपचारको लागि स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखालाई UNICEF/GPACCM Project Fund बाट निशुल्क रुपमा प्राप्त हुने यूरो २४,११३.०९ (चौबिस हजार एक सय तेह्र सेन्ट नौ) मूल्य बराबरको स्वास्थ्य सामग्री (औषधी) पैठारी गर्दा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल तथा उक्त सामग्री पैठारी गर्दा लाग्ने अन्य सम्पूर्ण दस्तुर, शुल्क, महसुल वा कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८१।१०।२४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना -२

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (२) बमोजिम नेपाली सेना MINUSMA Mission मालीमा तैनाथ भई जाँदा UN को बन्दोबस्तमा UN Charter Flight बाट साथै लिई गएको तथा मिशन Terminates भए पश्चात UN को बन्दोबस्तीमा Mission बाट स्वदेश फिर्ता हुँदाका बखत फिर्ता हुने तथा फिर्ता ल्याउन बाँकी रहेका नेपाली सेनाको नाममा पैठारी हुने अमेरिकी डलर २०,८६,०००.०० (बिस लाख छयासी हजार) मूल्य बराबरको Contingent Owned Equipment (COE) अन्तर्गतका सामग्री पैठारी गर्दा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल तथा उक्त सामग्री पैठारी गर्दा लाग्ने अन्य सम्पूर्ण दस्तुर, शुल्क, महसुल वा कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८१।११।११ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना -३

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय बमोजिम काभ्रेपलाञ्चोक जिल्लामा परेको अविरल वर्षाको कारण बाढी पहिरोबाट भएको विपद्बाट पीडितहरुको लागि विपद् सहयोग नेपाल (Disaster Aid Nepal) नामक गैरसरकारी संस्थालाई Rotary Water Survival Bos Ltd., UK बाट सहयोगस्वरुप प्राप्त हुने पाउण्ड ३०००.०० (तीन हजार) मूल्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बराबरको राहत सामग्री पैठारी गर्दा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने भन्सार महसुल छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८१।१२।०५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना -४

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (२) बमोजिम स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखालाई Direct Relief, USA बाट अनुदानस्वरुप प्राप्त हुने अमेरिकी डलर ४,१०,०९६.०० (चार लाख दश हजार छयानब्बे) मूल्य बराबरको स्वास्थ्य सामग्री (औषधी) पैठारी गर्दा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल तथा उक्त सामग्री पैठारी गर्दा लाग्ने अन्य सम्पूर्ण दस्तुर, शुल्क, महसुल वा कर पूर्ण छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८१।१२।०६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना -५

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (२) बमोजिम FIFA Football for School कार्यक्रम सञ्चालनको लागि अखिल नेपाल फुटवल सङ्घ, सातदोबाटोलाई विश्व फुटबल महासङ्घ (FIFA) बाट निःशुल्क प्राप्त हुने यूरो ३,९१,६८०.०० (तीन लाख एकान्नब्बे हजार छ सय असी) मूल्य बराबरका खेलकुद सामग्री पैठारी गर्दा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने भन्सार महसुल तथा उक्त सामग्री पैठारी गर्दा लाग्ने अन्य सम्पूर्ण दस्तुर, शुल्क, महसुल वा कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८१।१२।१७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**दिनेश कुमार घिमिरे**
**नेपाल सरकारको सचिव।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.६३।-**
**गो.द्र.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग